नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

बबरमहल, काठमाडौं

पत्र संख्याः ०८०/८१
चनः. ११३०

मितिः २०८०।१२।०१

विषयः बोर्ड बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू,
स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध सबै ।

प्रस्तुत विषयमा मिति २०८० फाल्गुण २४ गते बसेको स्वास्थ्य बीमा बोर्डको बैठकबाट तपसिल बमोजिम व्यवस्थापन हुन भनि भएको निर्णय कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल

क) सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले नियमित खाने औषधी लिन आउने बिरामीहरूको लागि छुट्टै Refill Counter को स्थापना गरी सेवा प्रदान गर्नु हुन ।

ख) स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध जेष्ठ नागरिकहरूका लागि छिटो छरितोरूपमा सेवा प्रदान गर्न मंगलबार नियमितरूपमा Geriatric Clinic सञ्चालन गरि सेवा प्रदान गर्नु हुन ।

ग) अस्पतालहरूमा सेवा लिन आउने बिरामीहरू मध्ये ५०% भन्दा बढी स्वास्थ्य बीमाका बिरामी हुने हुनाले हाल भईरहेको स्वास्थ्य बीमाका बिरामीहरूका लागि छुट्टै लाईनको व्यवस्था हटाई एकै लाईनबाट सबै बिरामीहरूलाई सेवा प्रदान गर्नु हुन ।

घ) स्वास्थ्य बीमाको परिचयपत्र (बीमा कार्ड) देखाई सेवा प्रदान भईरहेकोमा अब देखि नागरिक एप, HIB Profile, लगायतका Digital Card बाट निर्माण (generate) हुने परिपचपत्रमा भएको QR Code स्क्यान गरी सो बाट समेत सेवा उपलब्ध गर्नु गराउनु हुन ।

(शोभित रिजाल)
शाखा अधिकृत